# मिसन न्यूज

Mission News National Weekly

बेस्ट कर्णाली मिडिया

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-१ | २०७७ साउन ०७ गते बुधबार | 22 July 2020 Wednesday | मूल्य रू. १०/-


## महिनौसम्म विद्युत सेवा अस्तव्यस्त

**मिसन न्यूज**

**कालिकोट**

पहिरोका कारण कालिकोटमा विद्युत सेवा अवरुद्ध भएको छ । जिल्लाको रास्कोट नगरपालिका र सान्नीत्रिवेणी गाउँपालिकाको सीमाना सान्नीगाड खोलामा रहेको पोत्मारा साना जलविद्युत आयोजनाको क्यानेल शुक्रबार बिहान पहिरोले भत्किएपछि विद्युत सेवा अवरुद्ध भएको हो । नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रका प्रमुख मेगराज जोसीले पहिरोका कारण पोत्माराको विद्युत उत्पादन पूर्ण रुपमा बन्द भएको जानकारी दिए। उनले पोत्मारा साना जलविद्युत आयोजनामा विद्युत उत्पादन बन्द भएसँगै कालिकोटमा अनिश्चितकालका लागि विद्युत सेवा अवरुद्ध भएको बताए। उनका अनुसार अबिरल वर्षाका कारण शुक्रबार बिहान ४ बजेतिर पोत्मारा विद्युतको क्यानल माथिबाट ठूलो पहिरो खस्यो । करीब ३० मिटर क्यानल भत्काएको छ । विद्युत उत्पादन बन्द भएपछि कालिकोट अन्धकार भएको छ। जिल्ला सदरमुकाम मान्मदेखि करिब १३ कोष पश्चिममा रहेको पोत्मारा साना जलविद्युत आयोजनाको उत्पादनले जिल्लाको



सान्नीगाडस्थित पहिरोका कारण अवरुद्ध भएको पोत्मारा साना जलविद्युत आयोजना। तस्विर : मिसन न्यूज

रास्कोट नगरपालिका, सान्नीत्रिवेणी गाउँपालिका र जिल्ला सदरमुकाम समेत रहेको खाँडाचक्र नगरपालिकामा विद्युत सेवा विस्तार गरिएको थियो । सेवा अवरुद्ध भएपछि नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रका प्रमुख मेगराज जोसीसहितको प्राविधिक टोली सदरमुकामबाट विद्युतगृहतिर गएको छ । पोत्माराकै विद्युतको भरमा रहेको जिल्लाका सञ्चारमाध्यम, टेलिफोन सेवा, सरकारी कार्यालयको काम समेत प्रभावित भएको छ । सान्नीगाड पोत्मारा साना जलविद्युत आयोजना २०६५र०६६ बाट नियमित संचाललनमा आएको थियो । २०७० साल असार ३ गते आएको बाढीले एक वर्षसम्म सेवा अवरुद्ध भएको थियो। त्यतेबेला पहिरोले एकजना प्राविधिकसहित ११ जनालाई बगाएर बेपत्ता बनाएको थियो । त्यसपछि पनि पटकपटक पहिरोको सिकार भएको उक्त आयोजना पुन स् पहिरोले अवरुद्ध भएको छ। नेपाली कांग्रेसका प्रदेश युवा नेता दमनबहादुर शाहीले पोत्मारा साना जलविद्युत आयोजनाको विकल्प नखोजिँदा कालिकोट पटकपटक अन्धकार बन्न बाध्य भएको बताए ।

## राजस्व संकलन

**सर्खेत**-जिल्ला प्रशासन कार्यालय सुर्खेतले मास्क नलगाई हिँड्ने व्यक्तिलाई कारबाही गरी एक लाख बढी राजश्व सङ्कलन गरेको छ। कार्यालयले दुई साताका अवधिमा एक हजार ५९ जनालाई कारबाही गर्दा प्रतिव्यक्ति १०० का दरले एक लाख पाँच हजार ९०० राजश्व सङ्कलन गरेको हो । कोभिड १९ को सङ्क्रमण फैलिनबाट रोक्न गृह मन्त्रालयले असार २२ गते सबै जिप्रकालाई मास्क नलगाई बाहिर निस्कनेलाई १०० जरिवाना निर्देशन दिएको थियो ।

सरकारको निर्देशनानुसार प्रहरीले मास्क प्रयोग नगरी घर बाहिर निस्कनेबाट नगदी रसिद बुझाउँदै जरिवाना असूल गरेको हो । सुर्खेतका



सहायक प्रजिअ भीमकान्त पौडेलले अटेरी गरी बाहिर निस्कनेलाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाहीस्वरुप जरिवाना तिराइएको बताए। यसैबीच जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले समेत लकडाउन उल्लङ्घन गर्ने ५८३ सवारी साधन नियन्त्रणमा लिई सवारीधनीलाई कारवाही गरेको छ । त्यसबाट पाँच लाख ८९ हजार ५०० राजश्व सङ्कलन गरिएको कार्यालयले जनाएको छ ।

## मनबहादुर जुत्ता लगाउन तिहार कुर्दै

**मिसन न्यूज**

**कालिकोट**

दैलेखको चामुण्डामा जन्मेका मनबहादुर २०३९ सालमा बुवासँगै सुर्खेत, कुनाथरीमा (बराहताल) मा बसाइँ सरे । उनले लामो समय त्यहीँ जुत्ता सिलाउने काम गरे । २०१७ सालमा जन्मिएका मनबहादुर सार्कीले १५ वर्षकै उमेरमा जुत्ता-चप्पल सिलाउने काम थाले। ४५ वर्षसम्म उनले हजारौं मान्छेका थरिथरि जुत्ता-चप्पल तुने । पालिस लगाएर जुत्ता पनि टल्काए । उनको जीवनमा भने जुत्ता बिलासी बस्तु सरह भएको छ ।

एक जोर जुत्ता लगाउन उनी दसैं-तिहार कुर्छन्। बहिनीलाई टीका लगाउन दैलेख जाँदामात्र उनको खुट्टामा जुत्ता पस्छ । पछिल्लो एक दसकदेखि वीरेन्द्रनगरका सडक छेउमा छाता टाँगेर जुत्ता सिलाइरहेका छन् । 'मेरोमा जुत्ता सिलाउन र पालिस गर्न नेतादेखि हाकिमसम्म आउँछन्, सस्तोदेखि महँगो मुल्य पर्ने जुत्ता सिलाएको छु,' उनले भने, 'आफूले एक जोर जुत्ता लगाउन भने तिहार कुर्नुपर्छ।' मनबहादुर दैनिक १० जोरसम्म जुत्ता-चप्पल सिलाउँछन्। यस हिसाबले उनी महिनामा करिब ३ सय जोर जुत्ता चप्पल सिलाउँछन् । मनबहादुरले जुत्ता सिलाएरै दुई छोरा र दुई छोरीलाई हुर्काए । ५ जना नातिनातिनी देखिसके । छोराहरु छुट्टिएर अलग्गै बसेकाले श्रीमान-श्रीमतीको लागि दैनिक



गुजारा गर्न खासै गाह्रो पनि छैन । एक वर्षपछि उनी सामाजिक सुरक्षा भत्ता पाउँदैछन्। त्यसपछि केही सहज हुने उनको अनुमान छ। वीरेन्द्रनगरको सडकमा बसेर काम गर्न उनलाई सजिलो छैन। कहिले नगरपालिका त कहिले ट्राफिक प्रहरी आएर हैरान पारिरहन्छ । तैपनि जीवन धान्न उनी सडक छोड्न सक्दैनन्। 'छाता हालेर बस्दा पनि नगरपालिकाले बस्न दिँदैन, कोठा लिएर बसौं भने आर्थिकले धान्दैन,' उनले भने, 'हामीसँग सीप छ, सरकारले दुःख दिनुभन्दा काम गरेर खाने वातावरण मिलाए कति राम्रो हुन्थ्यो ।' मनबहादुर हरेक दिन सडकमा जीवनसँग संघर्ष गर्छन् । घाम, पानी, चिसो, गर्मी, लामखुट्टेले सताइरहन्छ । तैपनि उनी इलम गरेर पैसा कमाउनुपर्छ भन्ने मान्यता राख्छन् । 'कहिँकतै बसेर हात थापेर मागे पनि पैसा त आउँछ,' उनले भने, 'तर म आफूसँग भएको सीप प्रयोग गरेर बाँच्न चाहन्छु ।' उनी दैनिक करिब २ सयदेखि ४ सय रुपैयाँ कमाउँछन् । कोरोनाको

**बाँकी ८ पेजमा.....**


सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तर मा सुधार गरौँ । गरिबी न्यूनिकरण गरौँ ।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

# सम्पादकीय...

## संस्थाको स्वच्छता खै ?

रेडक्रस भनेको विपत्का बेलामा सहयोग गर्ने संस्था हो । यसलाई यही रूपमा बुझिन्छ र चिनिन्छ । यतिबेला संसार नै कोरोनाको ठूलो संकटमा छ । नेपाल पनि त्यसबाट पीडित देश हो । त्यसमाथि यतिबेला धेरै नै ठूलो जनधनको क्षति गराउने गरी बाढी पहिरोको प्रकोप फैलिएको छ । नेपाल रेडक्रस सोसाइटी देशभरि नै शाखा भएको सामाजिक संस्था हो । राहत उद्धारजस्ता काममा यस्ता सामाजिक संघसंसथाहरूको बाक्लो उपस्थिस्ति र सहयोगको आवश्यकता पर्छ । यतिबेला सरकार र स्थानीय निकायले पनि व्यापकरूपमा यसको सहयोग लिनुपर्ने बेलामा यो संस्था आफैँ लामो समयदेखि विवादमा छ र यसले गरेका कामकारबाहीमाथि शंका उब्जिरहेको अवस्था छ । तर सरकारले एउटा टुंगोमा पुर्‍याउनुपर्नेमा त्यसै रहन दिएको छ, जसले यो संस्थामा आबद्ध समाजसेवकहरूको पनि मनोबल गिरेको अवस्था छ । यतिबेला यो संस्था अनियमितताको दलदलमा रहेको भन्ने रिपोर्टहरू आइरहेका छन् । कतिपय आधिकारिक निकायले पनि आफ्ना आध्ययनका क्रममा यस्ता कुरालाई औंल्याइरहेका छन् । रेडक्रस सोसाइटी संसारभरिकै पवित्र संसथाका रूपमा चिनिएको संस्था हो । तर नेपालमा यस्तो किन भयो भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यसमा रकमको हिनामिनाको कुरा आयो भने वा त्यसको पारदर्शीतामाथि प्रश्न खडा भयो भने यो संस्था र यसको विश्वव्यापी ख्यातिमा पनि नोक्सानी हुन्छ । आर्थिक मामिलामाथि लाग्ने आरोप त झनै गम्भीर विषय हो । यो संस्थाको लेखापरीक्षण प्रतिवेदनमा नै यसले पछिल्ला १० वर्षमा करिब १६ अर्ब रुपैयाँ वैदेशिक अनुदान लिएको तर त्यसको धेरै नै सानो अंक र सात करोड १५ लाख ८४ मात्रै स्वीकृति लिएको पाइएको छ । कहाँ १६ अर्ब र कहाँ सात करोड । यो धेरै ठूलो अन्तर हो । एउटा सत्य के हो भने नेपालका सरकारी निकाय पनि त्यति शुद्ध छैनन् । उनीहरूमाथि पनि निरन्तर आरोप लागि नै रहेको पाइन्छ । तर उनीहरूबाट सहयोग असहयोग के भएको हो भन्ने पनि प्रस्ट पार्न संस्थालाई अवसर नभएको आवस्था छैन । यसमा खास कुरा के हो भन्ने बाहिर आउनुपर्छ । यसले एकोहोरो आरोप लागेर संस्थालाई बदनामी हुनबाट जोगाउने काम गर्छ । यो रेडक्रस सोसाइटीका लागि मात्र होइन सबै संस्थाका लागि लागू हुने कुरा हो । यो संस्थाले आर्थिक वर्ष २०६५/६६ देखि २०७५/७६ सम्म १५ अर्ब ९५ करोड छ लाख २६ हजार चार सय २६ रुपैयाँ ७८ पैसा वैदेशिक सहयोग लिएको र सोही अवधिमा १५ अर्ब ६१ करोड १८ लाख खर्च गरेको रेडक्रसकै लेखापरीक्षण प्रतिवेदनमा छ । यसले बुझाउँछ परीक्षण नै नभएको चाहिँ होइनरहेछ । तर १० वर्षमा करिब १६ अर्ब सरकारसँग स्वीकृति नलिई खर्च गरिएको अवस्थाचाहिँ आपत्तिको विषय हो । यास्तो स्वीकृति मागेर पनि नदिइएको हो कि नलिइएको हो भन्ने पनि खुल्नुपर्छरु। यो सरकारले हेर्ने कुरा हो । परिषद्को नियममा कुनै पनि सामाजिक संघसंस्थाले नेपाल सरकार वा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघ र संस्था, नियोग र व्यक्तिबाट कुनै किसिमको सहयोग प्राप्त गर्न चाहे परियोजनाको प्रस्तावसहित परिषद्मा निवेदन दिनुपर्नेछ भनी स्पष्ट किटानी नै गरेको पाइन्छ । त्यसकारण यो ठाउँमा त्यस्तो स्वीकृति लिइएन कि दिइएन भन्ने खुल्न जरुरी छ । नेपाल रेडक्रस ७७ जिल्लामा नै जिल्ला कमिटी भएको निकै नै ठूलो संस्था हो । त्यसअनुसार नै यसले गरेका सामाजिक कामहरूको प्रभाव विस्तार हुन्छ । यस्तो परिचय भएको सामाजिक संस्था अनियमितताको गम्भीर आरोप लागेको अवस्थामै यथास्थितिमा राख्न हुँदैन । सरोकारवालाको ध्यान जाओस् ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# ५१ करोड ५९ लाख बेरूजु

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशमा ५१ करोड बेरुजु देखिएको छ। आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश सरकारको एक लाख ७७ हजार अद्यावधिक बेरुजु रहेकोमा यो आथिक वर्ष २०७६/०७७ मा ५१ करोड पुगेको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार यो वर्ष मात्रै ५१ करोड ६९ लाख ९३ हजार रुपैयाँ बेरुजु थपिएको हो । यो वर्षको प्रतिवेदनमा सबैभन्दा कम आन्तरिक मामिला तथा कानून मन्त्रालयको १३ हजार मात्रै बेरुजु देखिइएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको ८५ हजार बेरुजु हुँदा प्रदेश सभा सचिवालयको २२ लाख ८६ हजार बेरुजु उल्लेख छ । उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालयको बेरुजु ६ करोड ३९ लाख ६८ हजार रहेको छ भने सामाजिक विकास मन्त्रालयको ११ करोड ५० लाख १३ हजार बेरुजु प्रतिवेदनमा उल्लेख छ । यस्तै ११ करोड ९९ लाख ८५ हजार बेरुजु भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको रहेको छ भने सबैभन्दा बढि बेरुजू भौतिक पूर्वाधार विकास मन्त्रालयको रहेको छ। यो मन्त्रालयको कुल बेरुजु २१ करोड ५८ लाख २० हजार रहेको प्रतिवेदनमा उल्लेख छ ।




### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# आज बीपीको आत्मा मात्र हैन देश रोइरहेको छ



राज देवकोटा

'तानशाही व्यवस्थालाई प्रजातान्त्रिक संज्ञा दिने प्रयत्न गर्नु एउटा असत्यलाई अर्को असत्यले ढाकछोप गर्ने प्रयत्न गर्नु हो ।' नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री स्वः विश्वेश्वरप्रसाद कोईरालाका उत्कृष्ट भनाइहरु मध्येको एक भनाइ हो यो । जुन भनाइले अहिलेको अस्थिर नेपाली राजनीतिको अवस्थालाई स्पष्ट ढंगले बोलेको छ। वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा भईरहेको तानाशाही व्यवस्थालाई यो भनाईले थप प्रस्ट्याएको देखिन्छ । आज जननायक विपीको ३८औं स्मृति दिवस अर्थात् उनको स्वर्गारोहण भएको ३७ वर्ष पुरा भएको छ। विगतका ३७ वर्ष यता विपीका विचार र सिद्धान्तलाई अंगालेर अघि बढ्नुको साटो नेपाली राजनीतिमा उनको नामलाई मात्रै उनका स्मृति दिवसमा सम्झिएर योगदानको चर्चा गरिनु विडम्बना हो । अँझ भनौं सारा मुलूकले सम्झिनुपर्ने जननायक विपीलाई नेपाली कांग्रेसले मात्रै सम्झिनु कहाँसम्मको दुःखद पक्ष हो ? कांग्रेस पनि आफ्ना संस्थापक भन्दै उनको विचार र सिद्धान्तलाई बेचेर जनताको विश्वास किन्ने प्रयासमा छ । विपीले नेपाली राजनीतिमा दिएको योगदानको कदर शब्दहरुमा गरिन्छ तर उनले देखाएको मार्गलाई न त देशले अनुसरण गऱ्यो न त नेपाली कांग्रेसले नै। अघिल्ला वर्षहरुजस्तै यो वर्ष पनि उनको फोटोमा माल्यार्पण गर्दै, उनैमा समर्पित अनकौं शब्दहरुले सामाजिक सञ्जालका भित्ताहरु रंग्याउँदै र मुक्तकण्ठले उनैको नाम लिएर उत्कृष्ट भाषण गर्दै स्मृति दिवस मनाईयो । नेपाली राजनीतिमा विपीले गरेको योगदानको चर्चा नगरेको सायदै कुनै राजनीतिक नेता छैन । तर उनको योगदानलाई पुनः दोहोऱ्याउने प्रयत्न अहिलेसम्मको राजनीतिक इतिहासमा कसैले गरेको छैन । राजनीतिक क्षेत्रमा रहेका अहिलेका अगुवा नेता भन्नेहरुले विपीको विचार र सिद्धान्तमाथि लात हानिरहेको अनुभुति हामी सहजै गर्न सक्छौं । सारा मुलुकले त सम्झिएन तर अभिभावक बनेर कांग्रेसको बलियो जग खनेका दुरदर्शी नेतालाई कांग्रेसले सम्झिने मात्रै होईन उनले देखाएको राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र समाजवादका मूलभूत मान्यताहरुलाई अंगाल्दै सोही बाटोमा हिँडेमा विपीप्रति सच्चा श्रद्धाञ्जली भएको ठहरिनेछ । नेपाली राजनीतिक र साहित्यिक क्षेत्रमा अतुलनीय योगदान गरेका विपीको राजनीतिक इतिहास केलाउँदा नेपालमा राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्ने मुल उद्देश्यका साथ अघि बढेका उनकै सक्रियता र बलिदानीस्वरुप विसं २००७ सालमा राणशासनको अन्त्य भई प्रजातन्त्र बहाली भयो ।

### समाजवाद र विपी साईनो

नेपालको वर्तमान नेकपा सरकारले समाजवादउन्मुख बाटो अपनाएको भनिरहेको छ । अहिलेको सरकारको समाजवादका विषयमा धेरै चर्चा र परिचर्चा भईरहेका छन् । आम नागरिकहरुले समाजवादका विषयमा भईरहको छलफल र वहसको नतिजा र सरकारको कार्यशैली तथा व्यक्तिगत जीवनशैली नै समाजवादको मर्म विपरित रहेको भनि टिप्पणी भईरहेको छ। अहिलेको सरकारले भनिरहेको समाजवादसँग जननायक विपीको समाजवादलाई जोड्ने हो भने उनले अंगालेको समाजवाद बुझ्न यति कठिन थिएन जति अहिले छ। उनको समाजवादले भन्छ- सबै नेपालीले सहज रुपमा हरेक सेवा पाउनुपर्छ, गास, वास, कपास, औषधी, शिक्षा, स्वच्छ पिउने पानी, रोजगारी, मोटरगाडीको सुविधा हरेक नेपालीले पाउनुपर्छ भन्ने उनको समाजवाद हो । विशेष गरी बीपीले समाजवादको व्याख्या गर्दा घरबास र जमिनको न्यायिक वितरणमा विशेष जोड दिए। कम्युनिस्ट घटकहरुले पनि बास र जमिनको वितरणलाई सधैं जोड दिँदै आए। कागजमा लेखिएको नीतिमा जस्तो महत्व दिए पनि अहिले नेपालमा घरबास र जमिन वितरण दुबै ओझेलमा छन् । विपीले वि.सं. २०१२ मा समाजवादलाई सहज तरिकाले आफ्नो दल नेपाली कांग्रेसको विधानमा राख्ने काम गरे । आज आएर समाजवादको कुरा गरिरहँदा उनको दुरदृष्टिले देखेको आजको समयले गर्दा नै समाजवादको विषय उठेको हो । उनको समाजवादमा प्रजातन्त्र अपरिहार्य तत्व बनेको थियो। नागरिक सार्वभौमसत्ता सम्पन्न शासनभन्दा पनि सर्वोपरि हुनुपर्ने उनको सिद्धान्त हो ।

### अहिलेको नेतृत्वले गर्नैपर्ने काम

राजनीतिमा सामाजिक प्रजातन्त्रवादी र साहित्यमा प्रयोगवादी मनोविश्लेषक विपी मूलतः समाजको एक प्रगतिशील तथा गतिशील योद्धाका रुपमा हामीमाझ सधैं जीवित छन् । उनी आफु सरल जीबन बाँचेर जनतालाई सहज जीबन दिन चाहने नेता भएका कारण पनि जननायक महान नेताका रुपमा दर्जा पाए । लोकतन्त्रप्रतिको अटल विश्वास र जनताको शक्तिप्रतिको अविचल आस्थाले वीपीलाई नेपाली माटोमा अमर बनाएको छ। अबका राजनीतिक नेतृत्वले विपीको नाम, सिद्धान्त, योगदान र विचारलाई सम्झनामा मात्रै होईन व्यवहारमा उतारेर उनले कल्पना गरेको नेपाल बनाउनुपर्ने बाटोमा हिँड्नुपर्ने आवश्यता देखिएको छ। उनकै अथक प्रयास र मिहेनतस्वरूप राणाशासनको अन्त्य भयो। उनकै विचार र सिद्धान्तलाई अनुसरण गरेको त्यसपछिका राजनीतिक नेतृत्वका कारण सयौं वर्ष पुरानो राजतन्त्र पनि अन्त्य भएर मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। त्यसैले आज हामीहरू गणतन्त्र नेपालका सम्मानित नागरिकका रूपमा शिर ठाडो गर्न पाएका छौं ।

संविधान निर्माण, सङ्क्रमणकालको अन्त्य र सबल र समृद्ध राष्ट्र निर्माणका लागि वामपन्थी र प्रजातान्त्रिक शक्तिहरूको सहकार्यको निरन्तरता भोलिका निम्ति पनि अपेक्षित, आवश्यक र अपरिहार्य छ। नेपाल अहिले पनि विपीले अगाडि सारेको नीति राष्ट्रिय मेलमिलाप र अन्तर्राष्ट्रिय मेलमिलापको प्रतीक्षामा छ । वीपीले अंकित गरेको बाटोमा नेपालका राजनीतिक नेतृत्व नहिँडेकाले नै हाल राजनीतिमा अस्थिरता सिर्जना भएको छ । नेपाल इतिहासको संकटपूर्ण अवस्थाबाट गुज्रँदै छ भन्ने विषयलाई अँझै पनि नजरअन्दाज गर्ने हो भने नेपाली जनता ठूलो संकटमा पर्नेछन् । अहिले मुलुक अँध्यारो अनिश्चित भविष्यतर्फ उन्मुख भईरहेको बेला अँझै पनि यी नेतृत्वबाट आत्मालोचना नभएमा मुलुक अस्थिरता र अनिश्चयको खाडलमा भासिने निश्चित देखिन्छ । वीपी कोइरालाले नेपाललाई दिएको मानवीय संस्कृति राष्ट्रियता र प्रजातन्त्र एउटा सिक्काका दुई पाटा हुन् भन्ने हो । राज्य नहुने हो भने प्रजातन्त्रको शासन कहाँ प्रयोग गर्ने ? प्रजातन्त्र नै नहुने हो भने राज्यले कसरी जनताका आवश्यकताको जानकारी पाउने र तिनको सेवा गर्ने ? सबैभन्दा पहिले मानवीय व्यक्तिगत स्वतन्त्रताको जगेर्ना गर्ने काम सरकारले गर्नुपर्छ। जसका लागि सरकार जनताप्रति जवाफदेही हुनु आवश्यक छ । प्रजातन्त्र र समाजवादलाई मिश्रण गरेर जनताका आवश्यकता पूरा गर्ने प्रणालीको प्रजातान्त्रिक मोडेल नेपालमा गराउने लक्ष्य लिएका विपीप्रति सम्मानका लागि उक्त मोडेललाई सार्थक बनाउन अहिलेका आफूलाई असल नेता भन्नेहरु जुट्नु आवश्यक छ । विपीले नेपाली राजनीति र साहित्यमा पुऱ्याएको महत्वपुर्ण योगदानबाट कोही नेपाली पनि अनभिज्ञ छैन । विपीले अवलम्वन गरेको राष्ट्रिय मेलमिलापको नीतिलाई अनुसरण गरी अहिलेको नेतृत्व अगाडि बढ्न सके उनीप्रतिको सच्चा सम्मान हुनेछ । राजनीतिमा प्रजातान्त्रिक समाजवाद र साहित्यमा अराजकतावादी जीवन दृष्टि र दर्शनलाई आत्मसाथ गरेर अघि बढेका बिपी नेपाली राजनीतिक र साहित्याकाशका एक चम्किला नक्षेत्र हुन् । अहिले राजनीतिमा विपीको अभाव खड्किएको महसुस गर्दै शब्दहरुले सामाजिक सञ्जालका भित्ता रंग्याउनेहरुले उनका विचारलाई अंगाल्दै फेरि पनि विपीले निर्माण गरेको देशको चित्र बनाउन सबैको एक्यवद्धताको खाँचो छ । विपी कांग्रेसका मात्र नभई देशका नायक हुन् ।

त्यसकारण अब देशले नै उनको योगदानको चर्चा मात्रै नभई सिद्धान्त र मार्गदर्शनलाई कार्यान्वयन गरी साच्चिकै प्रजातान्त्रिक मुलुक बनाउन सके उनीप्रतिको उच्च सम्मान हुनेछ। झण्डै-झण्डै राणा शासनको चित्र प्रस्तुत गरिरहेको अहिलेको शासन व्यवस्थालाई धर्मराउन नदिन कांग्रेसले अहम् भुमिका खेली पुनः विपी विचारलाई राष्ट्रमा परिचित गराउन आवश्यक छ। अब यसरी फुटेर होईन जुटेर हामीले आफ्नो सिद्धान्त त्यागेर कोहिसँग पनि सम्झौता गर्नुहुँदैन भनेर विपीले भनेझैँ यो भनाईलाई अनुसरण गर्दै अबका राजनीतिक पार्टीका नेतृत्वहरु अगाडि बढेमात्रै विपीप्रतिको सच्चा श्रद्धाञ्जली ठहरिन्छ । अहिलेको राजनीतिको अवस्थाका कारण विपीको आत्माले गतिलो जननेता पुकार्दै देश बचाउन गुहार माग्दैछ। उनीप्रती सच्चा सम्मान दिई उनको आत्मालाई शान्ती दिलाउन अब देशलाई विपी सिद्धान्त र बिचारबमोजिम अघि बढाउन सबै जुट्नुपर्छ। जहाँ भोक नहोस्, रोग नहोस्, सडक होस् मृत्यु मार्ग नहोस्, नेता होस् भ्रष्ट नहोस्, सत्ता होस् शासक नहोस् । देश बाँचोस् जनता हाँसोस्। पश्चिमनेपालबाट

# स्याउँका बोटमा दाना नलाग्दा किसान चिन्तित

**मिसन न्यूज**
**जुम्ला**

यस वर्ष जुम्लामा स्याउका बोटमा दाना लागेनन् । जसले गर्दा यहाँका किसान चिन्तित छन् । स्याउका फूल तुषारोले खाएपछि स्याउमा फल नलागेर उत्पादनमा निकै कमी आउने भएको छ ।

धेरैजसो स्याउका बोटमा यस वर्ष छिटफुट मात्रै फल लागेको किसानले बताएका छन् । चन्दननाथ नगरपालिका वडा नं ३ का किसान रामकृष्ण बुढ्थापाका अनुसार यो वर्ष स्याउका बोटमा खासै फल देखिँदैन । आफ्नो बगैँचा भएको रडिखेल्ला क्षेत्रका सबै बगैँचामा स्याउका फल छैनन् । उनले भने, स्याउ फूल्ने बेलामा कालो



तुषारो लागेपछि फल लाग्न पाएन । बर्सेनि ३ टनभन्दा बढी फल्ने गरेको बताउँदै उनले यो वर्ष निकै घाटा लाग्ने भनाइ राखे । सिञ्जा गाउँपालिका-४ निवासी किसान मुनबहादुर रावलको बगैँचा जिल्लाकै उत्कृष्ट बगैँचामध्ये एक मानिन्थ्यो । उनको बगैँचामा अहिले एक हजार दुई सय पचास स्याउ बिरुवा र अढाइ सय ओखर गरी एक हजार पाँच सय बिरुवा छन् । तर, उनका बगैँचामा खासै स्याउका फल लागेको छैन ।

जिल्लाको चन्दननाथ नगरपालिका वडा नं ८ का किसान धर्मसिंह कठायतले समेत यस वर्ष बगैँचामा स्याउ नफलेकोमा चिन्ता व्यक्त गरे । उनका अनुसार गत वर्ष रु पाँच लाखको स्याउ बिक्री गरिएको थियो तर यो वर्ष फल नलागेकाले हैरान भएको बताए । यसैगरी जिल्लाभरिका किसानले स्याउमा यस वर्ष फल नलागेको गुनासो गरेका छन् ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

# कर्णालीमा बजेट खर्च भएन, विकास लक्ष्य अधुरै

मिसन न्यूज
सुर्खेत




कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७६र७७ मा १६ अर्ब ३६ करोड बजेट खर्च गरेको छ। ३४ अर्ब ३५ करोड बजेट ल्याएको प्रदेश सरकारले अघिल्ला आर्थिक वर्षझैं गत वर्ष पनि लक्ष्य अनुसार खर्च गर्न सकेन। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले पुँजीगततर्फ नौ अर्ब १२ करोड ७२ लाख २४ हजार ८४२ तथा चालूतर्फ सात अर्ब २४ करोड २० लाख ४० हजार २५४ खर्च गरेको छ। पूँजीगततर्फ २१ अर्ब २९ करोड ३७ लाख ७२ हजार र चालूतर्फ १३ अर्ब पाँच करोड ९६ लाख ५३ हजार बजेट विनियोजन गरिएको थियो। मन्त्रालयका उपसचिव दिलिप केसीले गत आर्थिक वर्ष २०७६र७७ मा पुँजीगततर्फ ४२.८ प्रतिशत र चालूतर्फ ५५.४५ प्रतिशत तथा औसतमा ४७.६५ प्रतिशत बजेट खर्च भएको जानकारी दिए। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ७७.२६ प्रतिशत अथार्त् दुई अर्ब ६५ करोड ३८ लाख तीन हजार ६६५ खर्च गरेको छ। यस मन्त्रालयका लागि तीन अर्ब ४३ करोड पाँच लाख ७९ हजार विनियोजन गरिएको ककककथियो। सामाजिक विकास मन्त्रालयका लागि चार अर्ब ७० करोड ७२ लाख ६९ हजार विनियोजित बजेटमध्ये दुई अर्ब ७९ करोड ९४ लाख ३६ हजार ८१० खर्च गरेको छ। त्यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ४७ करोड ३० लाख २९ हजार ४७१ खर्च गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालयलाई विनियोजित १० अर्ब ७० करोड ४८ लाख २३ हजारमध्ये चार अर्ब ६८ करोड ५० लाख १७ हजार ५५० रुपैयाँ खर्च गरेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालयले ४२ करोड ७९ लाख ५९ हजार ७०८ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले एक अर्ब २२ करोड २३ लाख ७२ हजार ९४ खर्च गरेका छन्। कर्णाली प्रदेशसभा सचिवालयले १० करोड ७० लाख २१ हजार ८५२, मुख्य न्यायाधिवक्ताको कार्यालयले रु.९३ लाख ९७ हजार ७०६, प्रदेश योजना आयोगले एक करोड ४३ लाख २२ हजार ९८२ बजेट खर्च गरेका आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ। कर्णाली सरकारले ७९ वटै स्थानीय तहमार्फत दुई अर्ब ८० करोड ६५ लाख ६५ हजार ८२५ रूपैयाँ खर्च गरेको छ।

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगर पालिकाका सम्पूर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

रास्कोट नगरपालिका
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधैं ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल (वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# हाडजोर्नी डाक्टर केसि कालिकोटमा

**मिसन न्यूज**
**कालिकोट**

सुदुरपश्चिमका विभिन्न पहाडि जिल्लामा हाडजोर्नीको निःशुल्क उपचार गरेर डा.गोविन्द केसी कालिकोट आइपुगेका छन् । सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशका पहाडी जिल्लामा रहेका नागरिकलाई निशुल्क सेवा दिनका लागि डा. केसी अहोरात्र खटिएका छन् । सुदुरपश्चिमका विभिन्न जिल्लामा गएर उपचार पछि डा. केसी कालिकोट आइपुगेका हुन् । कालिकोट जिल्लाको स्वास्थ्य सेवा कार्यालयमा भोलिदेखि डा. केसीले हाडर्जोर्नीको सेवा सुरु गर्ने बताएका छन् । उनले भने, ‘आफु जागिरे जीवनबाट रिटार भइससेपछि काठमाडौं बस्न मन लागेन म विभिन्न हिमाली तथा पहाडी जिल्लामा गएर सेवा दिने गरेको छु सोहीको शिलशिलामा कालिकोटमा आएको हुँ ।’

अछामबाट हिडेर कालिकोट आइपुगेका केसीले कालीकोटका नागरिकलाई हाडर्जोनीको निःशुल्क उपचार गर्ने बताए । अछामको बयालपाटमा रहेको अस्पतालमा निःशुल्क उपचार गर्दै गदा कालिकोटमा एक जना बिरामीलाई हाडजोर्नी रोगको समस्या भएको कुरा थाहा पाएपछि डा. केसी कालिकोट आएका हुन् । उनले भने, ‘कालीकोट पहाडि क्षेत्र भएकाले यहाँ धेरै नागरिकहरु भिरबाट लड्ने भएकाले उनीहरुलाई हाडजोर्नीको समस्या हुने हुदा आफुले कालीकोटमा आएर सेवा दिन लागेको छु ।’ कुनै पनि स्थानमा कति दिन बस्ने भन्ने आफुलाई नै जानकारी नहुँने डा.केसीले बताए । उनले भने, विरामीको चाप हेरेर कालीकोट बस्ने हो त्यसपछि कुन ठाउँ जाने भन्नेसमेत पनि थाहा छैन । अव कालीकोटमा विरामीको चाप हेरेर कालीकोटमा सेवा दिने छु ।’



## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कक्षा १२ को परिक्षा अन्योल

मिसन न्यूज
काठमाडौं

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को परीक्षा असोजमा गर्ने तयारी गरेको छ। सरकारले १ भदौदेखि परीक्षा सञ्चालन अनुमति दिएसँगै तीव्रता दिने बोर्डले जनाएको छ। कोरोना भाइरस संक्रमणको जोखिमका कारण सरकारले २०७६ चैत ११ गतेदेखि देशभर लकडाउन घोषणा गर्दै परीक्षाहरु स्थगित गरेको थियो । सरकारले मंगलबार मध्यरातिदेखि लकडाउन हटाइएको छ




बोर्डले तयारी अगाडि बढाएको छ। असोज १५ गतेभित्र परीक्षा सम्पन्न गर्ने योजना रहेको बोर्डका सदस्य सचिव दुर्गाप्रसाद अर्याल बताउछन् । उनी भन्छन्, 'कक्षा १२ को परीक्षा १५ असोजमा सम्पन्न गर्ने लक्ष्य छ, त्यही अनुसार मन्त्रालयसँग अनुमति मागेका छौं।' शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुमति दिएपछि परीक्षाको तयारीलाई भने भदौ १ गतेदेखि विद्यार्थी भर्ना र परीक्षा सञ्चालन गर्न अनुमति दिइएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष प्रा.डा.चन्द्रमणि पौडेलले सबैभन्दा पहिले क्वारेन्टाइनका रुपमा प्रयोग गरिएका विद्यालयहरुको सरसफाइ र निर्मलीकरण गरिने बताए ।

# 'कोरोना महामारी थप विध्वंशकारी हुनेछ'

एजेन्सी
वासिङ्टन

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकामा कोरोना महामारीको स्थिती थप भयावह हुने बताएका छन् । उनले महामारी उच्चतम बिन्दुमा पुगेपछि स्थिती पुनः ठिक हुनेसमेत बताएका आफ्नो धारणामा परिवर्तन गर्न आग्रह गर्दै आएका थिए । महिनौंपछि मंगलबार आफ्नो पत्रकार सम्मेलनका क्रममा उनले निकै सम्हालिँदै त्यहि कुरा दोहोराए जुन कोरोना टास्क फोर्सका अधिकारी र स्वास्थ्य विशेषज्ञले भनिरहेका थिए । त्यतिबेला उनले दुर्भाग्यले महामारी ठिक हुनु



छन्। कोरोनाबारे दैनिक पत्रकार सम्मेलन पुनः सुचारु गर्दै ट्रम्पले सबै अमेरिकीलाई फेस मास्क लगाउन अपिल गर्दै यसको असर लामो समयसम्म रहने बताएका छन्। राष्ट्रपतिले भने पत्रकार सम्मेलनमा फेस मास्क लगाएका थिएनन् र यसअघि यस्तो प्रकारको सावधानीको खिल्लीसमेत उडाएका थिए ।

राष्ट्रपतिका सल्लाहकारले अमेरिकामा कोरोना संक्रमण तीब्र रुपमा बढिरहेका कारण उनलाई अघि नै यो थप विध्वंशकारी हुने चेतावनी दिए । उनले भने, 'हामी सबैले भनिरहेका छौं कि सामाजिक दुरीको पालना गर्न सक्नुहुन्नँ भने मास्क लगाउनुहोस् । मास्क तपाईंलाई मन पर्न पनि सक्छ, नपर्न पनि सक्छ तर यसको असर त पक्कै हुन्छ ।' ओपिनियन पोलका अनुसार नोभेम्बरमा हुने राष्ट्रपति चुनावमा डेमोक्रेटिक पार्टीका उम्मेद्वार जो बाइडनले उनलाई कडा टक्कर दिनेछन् ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | कार्य सम्पादनमा समस्या आउला। नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | यो साता सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | यो साता रोकिएका अधूरा काम पुनः सुरु हुन सक्छन्। धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | यो साता शुभकार्यको चर्चा चल्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | यो साता मनमा वैराग्यको भावना पलाउन सक्छ। नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभ कार्यमा सरिक भाईनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झंझटीलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | यो साता धार्मिक र सांस्कृतिक र शुभ कार्यमा सरिक हुने सम्भावना छ। स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | यो साता नयाँ र शुभकार्यको चर्चा चल्नेछ। कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | स्फूर्ति र उमङ्गको कमी हुनेछ। कार्मक्षेत्रपनि घर्षशील रहनेछ। सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | यो साता आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# मनबहादुर जुत्ता लगाउन......................

महामारीपछि त यही कमाइ पनि छुटेको छ। नगरपालिकाले २५ केजी चामलमात्र दिएको उनको भनाइ छ।

बरु यस अवधिमा ७ हजार रुपैयाँ ऋण काढेको मनबहादुरले बताए। उनी राजनीति र नेताप्रति भने आक्रोश पोख्छन्। चुनावको बेला विभिन्न नारा दिने उनीहरुले चुनाव जितेपछि बेवास्ता गर्ने गरेका उनको भनाइ छ। नगरपालिकामै पनि चुनाव जितेर गएका मेयर, उपमेयरले सहज रुपमा व्यापार व्यवसाय गर्ने व्यवस्था गर्नुको साटो सडकबाटै लखेट्ने प्रयास गरेकोमा उनी चित्त दुखाउँछन्।


## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

शुभकालिका गाउँपालिका
कालिकोट

## सम्पुर्णमा अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी भिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

सम्पर्क ठेगाना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## बेस्ट कर्णाली मिडियाद्वारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
- खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत